4 जुलाई 2024

National News

<u>मुख्य समाचार</u>

- आतंकवादलाई बढावा दिने देशहरुलाई कडा सजाय दिनुपर्ने प्रधानमन्त्रीको भनाई।
- शैक्षिक वर्ष 2024 -25 देखि कक्षा 3 र 6 का लागि नयाँ र आकर्षक पाठ्यपुस्तकहरू ल्याइने
- भारतीय यात्री र अप्रवासी भारतीय अन्तर्गत अब संयुक्त अरब अमीरातमा प्वाइंट ऑफ सेल मशीनबाट क्यूआर कोडको माध्य्म यूपीआई भुगतान गर्न सकिने
- पहिलो मानव अन्तरिक्ष अभियान गगन-यानका लागि चार अन्तरिक्ष यात्रीमध्ये तीन भारतीय समूह कप्तान र एक विङ कमाण्डर चयन
- प्रधानमन्त्रीले गर्नुभयो टी 20.. 2024 को विश्वकप विजयता भारतीय क्रिकेट टीमलाई भेट।

<u>आतंकवादलाई बढावा दिने देशहरुलाई कडा सजाय दिनुपर्ने प्रधानमन्त्रीको भनाई।</u>

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आतंकवादको कुनै रूप वा अभिव्यक्ति उचित नभएको र उपेक्षित गर्न नसकिने बताउनु भएको छ। उहाँले अन्तर्राष्ट्रिय समुदायले आतंककारीहरुलाई आश्रय दिने ती देशहरू उजागर गर्नुपर्ने र आतंकवादलाई सुरक्षित शरणस्थान प्रदान गर्ने र आतंकवादलाई बढावा दिने देशलाई सजय दिनुपर्ने बताउनु भयो।

प्रधानमन्त्रीले सिमामा आतंकवादको विरुद्ध निर्णायक कारवाहीको आवश्यकता रहेको बताउनुभयो । उहाले युवाहरूमा देश भक्ति फैलाउन र आतंकवादलाई रोक्न सक्रिय कदमहरू चालिनु पर्ने आग्रह गर्नुभयो।

<u>शैक्षिक वर्ष 2024 -25 देखि कक्षा 3 र 6 का लागि नयाँ र आकर्षक पाठ्यपुस्तकहरू ल्याइने</u>

शैक्षिक वर्ष 2024 -25 देखि कक्षा 3 र 6 का लागि नयाँ र आकर्षक पाठ्यपुस्तकहरू ल्याइने भएको छ । शिक्षा मन्त्रालयले पाठ्यपुस्तक तयार गर्ने काम अन्तिम चरणमा पुगेको र कक्षा 3 र 6 का नौवटा पाठ्यपुस्तक उपलब्ध भइसकेको अनि रहेका आठ पाठ्यपुस्तक छिट्टै उपलब्ध हुने जानकारी दिएको छ। केन्द्रीय शिक्षा मन्त्री श्री धर्मेन्द्र प्रधानले आज नयाँ दिल्लीमा विद्यालय शिक्षा र साक्षरता सचिव,केन्द्रीय माध्यमिक शिक्षा बोर्डका अध्यक्ष र निर्देशकसँग राष्ट्रिय शैक्षिक अनुसन्धान र प्रशिक्षण परिषद् - को पाठ्यपुस्तकहरू तयार गर्ने क्रममा भएको प्रगतिको विस्तृत विवरण लिनुभयो। राष्ट्रिय शिक्षा नीति 2020 को उद्देश्य शिक्षण प्रक्रियालाई

गुणस्तरीय बनाउन सस्तो मूल्य र गुणस्तरीय पाठ्यपुस्तक उपलब्ध गराउने लक्ष्य राखेको मन्त्रालयले जनाएको छ।

<u>श्री केजरीवालको विगत 10 वर्षको सरकारको असफलताको कारण दिल्लीको स्वास्थ्य व्यवस्था सोचनीय अवस्था पुगेको DPCC को आरोप।</u>

दिल्ली प्रदेश कांग्रेस कमिटीका अध्यक्ष श्री देवेन्द्र यादवले विगत 10 वर्षको अन्तरालमा श्री अरविन्द केजरीवाल सरकारको असफलताले राजधानीको स्वास्थ्य प्रणाली धराशायी भएको आरोप लगाउनु भएको छ। उसाले दिल्ली सरकारको 38 वटा अस्पतालमा जम्मा 235 अपरेशन थिएटर रहेको र त्यसमध्ये ब्यासठ वटा अपरेशन थिएटर पूर्ण रुपमा बन्द रहेको बताउनुभयो । उहाले दिल्ली सरकारसँग अस्पतालहरूमा डाक्टर र नर्सहरू सहित प्यारामेडिकल स्टाफलाई चाँडो भन्दा चाँडो भर्ती गर्ने माग गर्नु भएको छ। उहाँले भन्नुभयो दिल्लीमा प्रति 100 बेडमा दुईवटा मात्र अपरेशन थिएटर छन् र त्यसको पनि अवस्था चिन्ताजनक छ। दिल्ली सरकारको लोकनायक जयप्रकाश नारायण अस्पतालका 13 वटा अपरेशन थिएटरमध्ये 6 वटा बन्द भएको यादवले थप बताउनु भयो।

<u>भारतीय यात्री र अप्रवासी भारतीय, अब संयुक्त अरब अमीरातमा प्वाइंट ऑफ सेल मशीनबाट क्यूआर कोडको माध्यम यूपीआई भुगतान गर्न सकिने</u>

भारतीय यात्री र अप्रवासी भारतीय अन्तर्गत अब संयुक्त अरब अमीरातमा प्वाइंट ऑफ सेल मशीनबाट क्यूआर कोडको माध्यम यूनिफाइड पेमेंट इंटरफेस-यूपीआई भुगतान गर्न सकिने छ। भारतीय राष्ट्रीय भुगतान निगमको इंटरनेशनल पेमेंट्स लिमिटेडले नेटवर्क इंटरनेशनलसँग मिलेर संयुक्त अरब अमीरातमा यो सुविधा प्रदान गराएको हो। यस पहलको उद्देश्य संयुक्त अरब अमीरातमा भारतीय पर्यटकहरुका लागि निर्बाध लेन-देन को सुविधा उपलब्ध गर्नु हो।

<u>पहिलो मानव अन्तरिक्ष अभियान गगन-यानका लागि चार अन्तरिक्ष यात्रीमध्ये तीन भारतीय समूह कप्तान र एक विङ कमाण्डर चयन</u>

विज्ञान एवं प्रौद्योगिकी मन्त्री डा जितेन्द्र सिंहले 2025 सम्ममा विश्वले पहिलो पटक भारतीय अन्तरिक्ष र गहिरो समुन्द्रमा पुग्ने विश्वास व्यक्त गरेको जनाउनुभएको छ। पहिलो मानव अन्तरिक्ष अभियान गगन-यानका लागि चार अन्तरिक्ष यात्रीमध्ये तीन भारतीय समूह कप्तान र एक विङ कमाण्डर चयन गरिएको उहाले बताउनुभएको छ। अन्तरिक्ष र महासागरको क्षेत्रमा

भारतको प्रगतिबारे डा सिंहले सन् 2028 सम्ममा भारतको गहिरो समुन्द्री अभियानमा तीन जना भारतीय पठाइने बताउनुभयो ।

<u>नयाँ तथा नवीकरणीय उर्जा मन्त्रालयले आर्थिक वर्ष 2024-25 सम्म कुल  दुई सय करोड बजेट विनियोजन गरी</u>

केन्द्रले आज राष्ट्रिय हरित हाइड्रोजन मिशन अन्तर्गत मापदण्ड र नियामक ढाँचाको विकासको लागि परीक्षण सुविधा, पूर्वाधार र संस्थागत समर्थन कोषको लागि दिशानिर्देश जारी गर्‍यो। नयाँ तथा नवीकरणीय उर्जा मन्त्रालयले आर्थिक वर्ष 2024-25 सम्म कुल  दुई सय करोड बजेट विनियोजन गरी यो योजना कार्यान्वयनमा ल्याइने जनाएको छ ।  यो योजना राष्ट्रिय सौर्य ऊर्जा संस्थानले लागू गर्नेछ।  यस योजनाले हरियो हाइड्रोजन र यसको derevetive हरूको मूल्य श्रृंखलामा सुविधा , प्रविधिहरू र प्रक्रियाहरूका लागि अवस्थित परीक्षण सुविधाहरूमा कमीहरू पहिचान गर्न मद्दत गर्नेछ।  मन्त्रालयले बताए अनुसार यो योजनाले, परीक्षणमा सुविधा गर्न र सुरक्षित सञ्चालन सुनिश्चित गर्न नयाँ परीक्षण सुविधाहरू सिर्जना गर्न सहायता गर्नेछ।  प्राप्त जानकारी अनुसार राष्ट्रिय हरित हाइड्रोजन मिशन गत वर्ष जनवरी 4 मा, वित्त वर्ष 2029-30 सम्म 19 हजार सात सय करोड भन्दा  बढी विनियोजनको लक्ष्य राखेर  शुरु गरिएको हो।।  यो योजनाले स्वच्छ ऊर्जा मार्फत आत्मनिर्भर बन्ने भारतको लक्ष्यमा योगदान पुर्‍याउनेछ।  यो योजनाले विश्वव्यापी स्वैच्छिक ऊर्जा संक्रमणको लागि प्रेरणाको रूपमा पनि काम गर्नेछ।

<u>प्रधानमन्त्रीले गर्नुभयो 2024 टी 20 विश्वकप जितेका भारतीय क्रिकेट टीमलाई भेट।</u>

प्रधानमन्त्री श्री  नरेन्द्र मोदीले आज नयाँ दिल्लीको आफ्नो निवासमा टी 20 विश्वकप  विज्यता भारतीय क्रिकेट टोलीलाई स्वागत गर्नुभयो। आफ्नो  सोसीयल मिडिया पोस्टमा, प्रधानमन्त्री श्री मोदीले खेलाडीहरुले प्रतियोगितामा बटुलेका  अनुभवमाको चर्चा भएको उल्लेख गर्नुभएको छ।यस बैठमा  भारतीय क्रिकेट टीमका कप्तान रोहीत शर्मा, कोच राहुल द्रविड, विराट कोहली हार्दिक पांडेया, सूर्य कुमार यादव अनि जसप्रति बुमराह उपस्थित थिए। आज दिल्ली पुगेको भारतीय क्रिकेट टीमको टोलीलाई क्रिकेट फ्यानले भव्य स्वागत पनि गरेका थिए।